# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ७) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल माघ ७ गते २०८१ (संख्या ८**

## भाग २

## वैतेश्वर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

(गाउँ कार्यपालिकाबाट पारित)

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०३।२५)

**प्रस्ताबनाः**

वैतेश्वर गाउँपालिकाभित्र स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानीय तहलाई प्रत्याभुत गरेको स्वास्थ्य सम्वन्धी अधिकारलाई कार्यान्वयन गर्न, गाउँपालिकाबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवा लगायत अन्य स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरिय बनाउन, गाउँपालिकाले स्थापना गरेको अस्पताल सञ्चालन तथा ब्यवस्थापन गर्न वाञ्छनीय भएकाले गाउँपालिकाको आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०७६(पहिलो संसोधन सहित) को दफा ४० बमोजिम वैतेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यबिधि बनाएको छ ।

वैतेश्वर राजपत्र

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यबिधिको नाम वैतेश्वर गाउँपालिकाको **"वैतेश्वर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यबिधि, २०८१"** रहेको छ ।

ख) यो कार्यबिधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा, -

क) "**कार्यपालिका**" भन्नाले वैतेश्वर गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

ख) "**गाउँपालिका**" भन्नाले वैतेश्वर गाउँपालिका सम्झनुपर्छ ।

ग) "**गाउँपालिका अध्यक्ष**" भन्नाले वैतेश्वर गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ ।

घ) "**गाउँपालिका उपाध्यक्ष**" भन्नाले वैतेश्वर गाउँपालिकाका उपाध्यक्ष लाई सम्झनुपर्छ।

ङ) "**अध्यक्ष**" भन्नाले अस्पताल संचालक तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ।

च) "**उपाध्यक्ष**" भन्नाले अस्पताल संचालक तथा व्यवस्थापन समितिको उपाध्यक्ष सम्झनुपर्छ।

छ) "**अस्पताल प्रमुख**" भन्नाले अस्पतालमा कार्यरत चिकित्सक मध्ये गाउँपालिकाको कार्यालयले तोकेको चिकित्सकलाई सम्झनुपर्छ ।

ज) "**ऐन**" भन्नाले वैतेश्वर गाउँपालिकाको **"आधारभुत स्वास्थ्य तथा सरसफाई ऐन, २०७६(पहिलो संसोधन सहित)"** लाई सम्झनुपर्छ ।

झ) "**अस्पताल**" भन्नाले वैतेश्वर गाउँपालिकाले सञ्चालन गरेको वैतेश्वर अस्पताललाई सम्झनुपर्छ ।

ञ) "**कार्यबिधि**" भन्नाले **"वैतेश्वर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यबिधि, २०८१"** सम्झनुपर्छ ।

ट) "**व्यवस्थापक**" भन्नाले गाउँपालिकाले तोकेको अधिकृतस्तर वा सो सरहको कर्मचारीलाई सम्झनुपर्छ ।

ठ) "**चिकित्सक तथा स्वास्थ्यकर्मी**" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

ड) "**गाउँपालिका क्षेत्र**" भन्नाले वैतेश्वर गाउँपालिकाको भूभाग सम्झनुपर्छ ।

ढ) "**पदाधिकारी**" भन्नाले व्यवस्थापन समिति अध्यक्ष, उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारी सम्झनुपर्छ ।

ण) "**समिति**" भन्नाले दफा ३ बमोजिम गठित अस्पताल सञ्चालन तथा व्यबस्थापन समितिलाई सम्झनुपर्छ ।

त) "**शाखा**" भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

## परिच्छेद - २

## अस्पताल व्यवस्थापन समितिको गठन तथा सञ्चालन

**३. समितिको गठनः**

१) अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

क) गाउँपालिका अध्यक्ष वा अध्यक्षबाट मनोनित १ जना - अध्यक्ष

ख) गाउँपालिका अध्यक्षबाट मनोनित १ जना - उपाध्यक्ष

ग)अस्पताल रहेको वडाको वडाअध्यक्ष - सदस्य

घ) गाउँपालिका भित्रका गाउँ सभाका सदस्य मध्येबाट गाउँ कार्यपालिकाले तोकेको २ जना - सदस्य

ङ) स्थानीय स्तरमा स्वास्थ्य तथा सरसफाई क्षेत्रमा काम गरीरहेका विज्ञहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको तिन(३)जना - सदस्य

च) स्थानिय उद्योग वाणिज्य संघको अध्यक्ष वा समितिले तोकेको १(एक)जना - सदस्य

छ) कार्यपालिकाले तोकेको स्वास्थ्य शाखा सँग सम्बन्धित कर्मचारी १ जना - सदस्य

ज) स्वास्थ्य सँग सम्बन्धित गैरसरकारी संस्थाका कार्यपालिकाबाट मनोनित गरिएका २(दुई) जना - सदस्य

झ) अस्पताल व्यवस्थापक १ जना - सदस्य

ञ) अस्पताल प्रमुख मेडिकल अधिकृत वा मेडिकल सुपरिटेण्डेन्ट - सदस्य सचिव

२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका बिषय विज्ञलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**४. काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रबाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिस्चितता गराउने ।

ख) अस्पताबाट गुणस्तरीय प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नती र बिकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने ।

ग) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक श्रोत साधन जुटाउन पहल गर्ने, बार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने ।

घ) अस्पतालबाट प्रवाह भएका सेवाहरुको नियमित अनुगमन र समिक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

ङ) स्वास्थ्य सेवा तथा सुविधा सम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिस्चितताको लागि आवश्यक प्रवन्ध मिलाउने छ ।

च) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता,क्षमता बिकास र वृत्ति बिकासको लागि आवश्यक कार्य गर्ने । साथै अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरुका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने ।



वैतेश्वर राजपत्र

छ) सर्वसुलभ र गुणस्तरिय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिस्चित गराउनका लागि आवश्यक मानव श्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने, सेवा प्रदायक र स्वास्थ्यकर्मीलाई सहज रुपमा कार्य गर्न अनुकुल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

ज) स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिस्चितता गर्न आवश्यक कार्यहरु गर्ने ।

झ) भौगोलिक क्षेत्र, अल्पसंख्यक, आदिवासी जनजाति, जेष्ठ नागरिक, विपन्न बर्ग, अपांगता भएका, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्येनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने ।

ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरुको कार्यान्वयनको आवश्यक प्रबन्ध गर्ने गराउने ।

ट) अति विपन्न, असहाय तथा अपांगता भएका व्यक्तिहरुलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध गर्ने गराउने ।

ठ) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्न एवं सम्पत्तिको संरक्षण तथा मर्मत संभारको ब्यवस्थापन गर्ने/गराउने ।

ड) अस्पतालबाट दिइने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

ढ) स्वास्थ्य सेवामा सुशासन, जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित, सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजिकरण गर्ने ।

ण) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने।

त) अस्पतालको बिकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

थ) अस्पताल सञ्चालनको लागि गाउँपालिकले दिएका निर्देशनहरु र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने ।

द) अस्पताबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरुको उचित सम्बोधन र ब्यवस्थापन गर्ने ।

ध) प्रचलित कानुन बमोजिम निर्धारण गरिएका स्वास्थ्य सेवाको कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

न) संघ, प्रदेश र स्थानीय सरकारबाट संचालित गरेका स्वास्थ्य सम्वन्धी कार्यक्रम तथा अभियानहरु सञ्चालन गर्ने।

प) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

**५. समितिको बैठक र सञ्चालन विधिः**

१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा मासिक एक पटक समितिको बैठक बोलाउनु पर्नेछ । तर, आवश्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्ने सक्नेछ।

२) समितिका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ, तर निजको अनुपस्थितिमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको उपाध्यक्षले अध्यक्षता गर्नेछ ।

५) बैठकको निर्णय सदस्य सचिबले प्रमाणित गर्नेछ ।

६) समितिको बैठक सम्बन्धी अन्य कार्यबिधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३

## कोष तथा लेखा परीक्षण

**६. अस्पतालको कोषः**

१) अस्पताल सञ्चालन तथा ब्यवस्थापन समितिको नाममा छुट्टै मुल, चालु कोष रहनेछ।

२) उप दफा (१) बमोजिम कोषमा देहाएका रकमहरु रहनेछन ।



वैतेश्वर राजपत्र

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान सहायता रकम ।

ख) गाउँपालिकाबाट प्राप्त रकम ।

ग) अस्पतालले सञ्चालन गरेको सेवा वापत रकम ।

घ) कुनै बिदेशी सरकार, व्यक्ती वा अन्तराष्ट्रिय व्यक्ति वा संस्थाले दिएको चन्दा र वस्तुगत प्राप्त रकम ।

ङ) व्यवस्थापन समितिको पहलवाट प्राप्त रकम ।

च) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान र सहयोग रकम ।

छ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) उपदफा (२) को (च )बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम गाउँपालिका वा सम्बन्धित निकायको स्वीकृति लिनुपर्नेछ ।

४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको मुल कोष खातामा जम्मा गर्नुपर्नेछ।

५) अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको चालु कोषबाट हुनेछ।

६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यता प्रतिकुल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पताको सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

**७. कोष सञ्चालन तथा खर्चः**

१) अस्पतालको खाता सञ्चालन अस्पताल प्रमुख र समितिले तोकिएको अधिकारीको संयुक्त दस्तखतबाट हुनेछ ।

२) अस्पतालको आयव्ययको लेखा महालेखा परिक्षकको कार्यालयले निर्धारण गरेको ढाँचा बमोजिम हुनेछ ।

३) कोषको खाता सञ्चालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको बैंक हुनेछ ।

वैतेश्वर राजपत्र

४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जबाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

५) कोषको रकम खर्च गर्दा सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम गर्नु पर्नेछ ।

**८. लेखा परीक्षणः**

१) आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ।

२) कोषको अन्तिम लेखा परीक्षण नेपाल सरकारबाट खटिईएका लेखापरीक्षकबाट हुनेछ । नेपाल सरकारबाट खटिईएका लेखा परीक्षकबाट नभएसम्म गाउँपालिकाले तोकेको दर्तावाल लेखापरीक्षकबाट हुनेछ ।

**९. सेवा शुल्क सम्बन्धी व्यवस्थाः** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा गाउँपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ ।तर, निःशुल्क भनि तोकिएका सेवाको शुल्क लिन पाइनेछैन ।

## परिच्छेद-४

## जनशक्ति, औषधी तथा उपकरणको व्यवस्थापन

**१०. जनशक्ति व्यवस्थापनः**

१) अस्पतालमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले दरवन्दी स्वीकृत गरे अनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ ।

क) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोकसेवा आयोगबाट पदपुर्ति हुने स्थायी जनशक्ति,

ख) करारः करार सेवामा भर्ना गरिएका जनशक्ति,

ग) ज्यालादारीः अस्पतालको आवश्यक्ता र समितिको निर्णयानुसार निश्चित कामको लागि निश्चित अवधि तोकी दैनिक/मासिक ज्यालादारीमा काममा लगाइएका कर्मचारी ।

२) अस्पतालमा कार्यरत कर्मचारीहरुलाई समितिको आर्थिक सक्षमता भएको अवस्थामा थप सुबिधाको व्यवस्था गर्न सक्नेछ ।

३) नियमित सेवा बाहेक थप स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई समितिको निर्णयानुसार थप सुबिधा उपलब्ध गराउन सक्नेछ ।

४) समितिले गाउँपालिकासँग समन्वय गरी सरकारी, निजि तथा गैरसरकारी स्वास्थ्य संस्थासँगको साझेदारीमा सेवा करारमार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

**११. अभ्यासकर्ता सम्बन्धी व्यवस्थाः**

अस्पतालमा मान्यता प्राप्त शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरुलाई OJT or Internship गर्न अस्पतालले प्रचलित कानून बमोजिम र समितिले तोकेको शुल्क लिई अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

**१२. कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधाः**

कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पूर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा, जोखिम भत्ता तथा सट्टा विदा प्रचलित कानुन बमोजिम तथा समितिले तोके बमोजिम हुनेछ।

**१३. अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारः**

१) अस्पतालको कार्यालय प्रमुख भइ कामकाज गर्ने।

२) अस्पताल व्यवस्थापन समितिको अधिनमा रहि प्रचलित कानुन बमोजिम जारी गरिएका आधारभुत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रबाह गर्न न्यनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने ।

३) अस्पताल सञ्चालनका लागि सरकारी तथा गैरसरकारी सस्थाहरुसँग समन्वय गर्ने।

४) अस्पताल सञ्चालनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गर्न सहयोग गर्ने ।

५) अस्पतालको गुणस्तर कायम राखी, क्षमता अभिवृद्धि गर्न, स्तर उन्नति गर्न तथा अन्य आवश्यक कार्यहरु गर्न समितिले तोके बमोजिम गर्ने।

६) समितिको निर्णय कार्यान्वयन गर्ने/गराउने ।

७) समितिको सदस्य सचिवको रुपमा काम गर्ने ।

**१४. व्यवस्थापकको काम कर्तव्य र अधिकारः**

१) अस्पतालको दैनिक सेवा सञ्चालन गर्न गाउँपालिका तथा अन्य निकायहरुसँग समन्वय गर्ने ।

२) समितिको निर्णय निर्देशन कार्यान्वयन गराउने ।

३) अस्पताल सञ्चालनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गरी समितिमा पेश गर्ने ।

४) अस्पतालको जिन्सी तथा अन्य सम्पत्तिको रेखदेख गर्ने गराउने ।

५) अस्पतालको आर्थिक तथा प्रशासनिक कार्य गर्ने ।

६) अस्पतालमा संचालित सेवा तथा विभागहरुको अनुगमन तथा निरिक्षण गरी समितिलाई प्रगति प्रतिवेदन पेश गर्ने ।

७) गाउँपालिका र समितिले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

**१५. औषधी खरीद, भण्डारण तथा बितरणः**

१) गाउँपालिकाबाट निशुल्क बितरण गर्ने औषधी तथा अस्पताल फार्मेसीबाट विक्रि बितरण गर्ने औषधी नियमित रुपमा उपलब्धताको व्यवस्था गाउँपालिकाले गर्नेछ । तर आवश्यक औषधी अपर्याप्त भएमा गाउँपालिकासंगको समन्वयमा अस्पतालले आवश्यक औषधी खरिद गर्न सक्नेछ ।

२) अस्पतालले बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षीक खरिद योजना गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

३) अस्पतालमा आउने विरामीको संख्या तथा रोगको आधारमा औषधीको माग तथा आपूर्ति नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।

४) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम राख्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नुपर्नेछ ।

५) औषधी बितरण गर्दा औषधी विक्रि बितरण सम्बन्धी सहिता र औषधी सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

वैतेश्वर राजपत्र

६) अस्पतालले आपूर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधी उपकरणको बिवरण पठाउनुपर्नेछ ।

**१६. फार्मेसी सञ्चालन गर्नेः**

१) निःशुल्क औषधी वितरण तथा अस्पतालमा आवश्यक औषधी विक्रि बितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्नेछ ।

२) फार्मेसी सञ्चालन सम्बन्धी अन्य ब्यवस्था प्रचलित कानून र वैतेश्वर अस्पताल फार्मेसी सम्बन्धी कार्यविधि, २०७७ बमोजिम हुनेछ ।

**१७. एम्बुलेन्स सञ्चालन गर्नेः**

१) अस्पतालले गाउँपालिकाबाट प्राप्त वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछ।

२) एम्बुलेन्स सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र एम्बुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि,२०७७ बमोजिम हुनेछ ।

**१८. स्वास्थ्य सेवा व्यवस्थापनः**

१) अस्पतालले २४ सै घन्टा आकस्मिक सेवा प्रदान गर्नेछ ।

२) अस्पतालमा सम्भव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको बिवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाउँमा राखुपर्नेछ ।

४) अस्पताललले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनु पर्नेछ र आधारभूत सेवा बाहेकका आकस्मिक उपचारको खर्चको ब्यबस्थापन स्वास्थ्य बीमा भएको हकमा सोही बीमाबाट र बीमा नभएको वा बीमा रकमले नपुगेको अवस्थामा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ ।

५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवाबाट वञ्चित गरिनेछैन ।अति बिपन्न, बेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्रहीलाई अस्पतालको मुल कोषबाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ । र सोको सोधभर्ना गाउँपालिकाबाट हुनेछ ।

६) अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

७) अस्पतालमा बिश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ । सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि बिभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षा सामाग्री व्यवस्था गर्नुपर्नेछ ।

८) स्वास्थ्य सेबा सञ्चालन र पुर्वाधार सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून, स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ ।

९) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरि थप उपचारको लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ । अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुनसक्ने अवस्था हुँदा हुँदै प्रेषण गर्न पाइने छैन ।

१०) अस्पतालले प्रेषण गर्ने संस्थाहरुको पूर्व पहिचान गरी सो को अध्यावधिक सूची राखुपर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिस्चिचता गरेर मात्र पठाउनु पर्नेछ ।

११) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्रहिको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्ने छैन ।

वैतेश्वर राजपत्र

## परिच्छेद-५

## बिविध

**१९. अस्पतालको संगठन संरचनाः** अस्पतालको आफ्नै सङ्गठन संरचना हुनेछ । संङ्गठन संरचना प्रचलित कानून बमोजिम गाउँपालिकाबाट स्वीकृत भए अनुसार हुनेछ ।

**२०. साझेदारी गर्न सक्नेः** अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव बाहन सेवा लगायतका ब्यवस्थापन गर्न र विशेषज्ञ सेवा सञ्चालन गर्न गाउँपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, निजि तथा गैरसरकारी निकाय वा संस्थासँग अस्पतालले सम्झौता वा साझेदारी गर्न सक्नेछ ।

**२१. बार्षिक प्रतिबेदन पेश गर्नेः** समितिले बर्षभरीको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र समिक्षा गरी गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**२२. निर्देशन पालना गर्नुपर्नेः** गाउँपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२३. गाउँपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुनेः** गाउँपालिकाको स्वीकृति बिना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्न पाइने छैन ।

**२४. अधिकार प्रत्यायोजन गर्न सक्नेः** समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केहि अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिब एवं कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२५. कार्यबिधिको पालना गर्नुपर्नेः** यस कार्यविधिको पालना गर्नु गाउँपालिकाबाट संचालित गाउँ अस्पतालको दायित्व हुनेछ ।

**२६. व्याख्या गर्ने अधिकारः** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्बयनमा समस्या उत्पन्न भएमा गाउँ कार्यपालिकाले सोको व्याख्या गर्नेछ ।

**२७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै कार्यबिधि बमोजिम र यसमा उल्लेख नभएका अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

**<u>२८. संसोधन गर्नुपरेमा:</u>** यस कार्यविधिमा उल्लेख भएका विषयहरुको संसोधन गर्नु परेमा गाउँ कार्यपालिकाबाट संसोधन हुनेछ ।

**<u>२९. बाधा फुकाउः</u>** यो कार्यविधि बमोजिम अस्पताल सञ्चालनमा बाधा आई परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।

**<u>३०. असल नियतले गरेको कामको बचाउः</u>** यो आदेश प्रारम्भ हुनु अघि अस्पताल, कर्मचारी तथा समितिका सम्पूर्ण काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

आज्ञाले
महेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वैतेश्वर राजपत्र